नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९    स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३    अंक १५६    २०८० साल माघ ६ गते शनिबार (20 Jan. 2024 Saturday)    मूल्य रु. ५/-


शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका.. ३ पृष्ठमा : मधेस आन्दोलन र ... ३ पृष्ठमा बङ्गलादेशमा कोभिड-१९ को..

# नेपालकै पहिलो टाउन प्लानिङ सहर ओरालो लाग्दै, व्यवस्थित गर्न जनप्रतिनिधि उदासिन

- राजविराज नगरपालिका (तत्कालिन राजविराज बजार) को टाउन प्लानिङ बि.स. १९९९ सालमा भएको हो ।
- बि.स. १९९९ सालमै ६० विगहामा यो नगर बसाइएको हो ।
- ८ विगहामा कर्मचारीको नाममा प्लट जग्गा स्वर्ण टोल (लंका टोल) मा बितरण गरिएको हो ।
- १० विगहामा तत्कालिन कचहरी लाइन (हाल अदालत रोड) मा सरकारी कार्यालयहरु स्थापना गरिएको हो ।



**नवीनकुमार गुप्ता**
**राजविराज, ५ माघ ।**

नेपालकै पहिलो टाउन प्लानिङ र पुरानो मध्येको एक राजविराज नगर जनप्रतिनिधिको प्राथमिकतामा कहिले पर्ने गरेको देखिएन् । फलस्वरुप आजसम्म पनि राजविराज नगर क्षेत्र व्यवस्थित हुन सकेको छैन् ।

भारतको गुलाबी सहरको नामले प्रसिद्धि पाएको जयपुर सहरको नक्सामा आधारित राजविराज नगरपालिका (तत्कालिन राजविराज बजार) को टाउन प्लानिङ बि.स. १९९९ सालमा गरिएको भएपनि ८१ वर्ष भइसक्दा पनि टाउन प्लानिङले परिकल्पना गरेको सहर हालसम्म पनि व्यवस्थित हुननसकेको देख्दा यहाँका बासिन्दाहरु दिक्क मान्न थालेका छन् ।

फोहर व्यवस्थापनको कुरा गर्ने हो भने हालसम्म डम्पिङसाइटको निर्माण हुन नसकेका कारण जहिले पनि फोहर व्यवस्थापनमा समस्या आउने गरेको छ । ८१ वर्षमा पनि राजविराज नगरपालिकाले डम्पिङसाइटलाई व्यवस्थित गर्न नसकेका हुनाले नगरपालिका क्षेत्र भित्रबाट उत्सर्जन हुने दैनिक सरदर ५० टन फोहर अव्यवस्थित रुपमा फ्याक्ने गरिएको छ । यसैगरि सरकारी तथा निजि तवरबाट संचालित सेफ्टीट्याङ्कको मल समेत खाँडो खोलमा फ्याक्ने गरिएको स्थानियहरु बताउँछन् ।

बि.स. २०७९ सालमा सम्पन्न स्थानीय तह निर्वाचनबाट राजविराज नगरपालिकाको मेयर पदमा निर्वाचित भिमराज यादवले आफ्नो कार्यकालको सुरुवात मै राजविराज वडा नं. १५ मा डम्पिङसाइट निर्माणका लागि स्थल चयन गरि तत्काल निर्माण कार्य समेत थालनी गरेका थिए । तर उनी पदबाट निलम्बित भएपछि हालसम्म सो डम्पिङसाइट निर्माण नभइकनै फोहर अव्यवस्थित रुपमा फ्याल्ने गरिएको वडा नं. ७ का सदस्य रामानन्द देवले जनाएका छन् । यसअघि तत्कालिन मेयर शम्भु प्रसाद यादवले डम्पिङसाइटका लागि ५ विगहा जग्गा २० वर्षको लागि लिजमा लिने निर्णय गरेका थिए । सोही जग्गामा डम्पिङसाइटको निर्माण भइरहेको तर स्थानीयहरुले फोहर विसर्जन गर्न खाल्डो खन्न नदिएपछि हाल विवादमा रहेको नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परबिनले जानकारी दिएकी छिन् । उनले उक्त समस्या समाधानका लागि पहल पनि भइरहेको बताएकी छिन् ।

यस्तै बर्षौंदेखि राजविराज नगर क्षेत्रको बिटोरी जग्गाको समस्या समेत समाधान गर्न जनप्रतिनिधिहरु गम्भिर बन्न नसकेको स्थानियको गुनासो रहेको छ । उनीहरु बिटोरी जग्गा भएकै कारण आफ्नै जग्गा बिक्रि गर्न पाएका छैनन् भने विभिन्न प्रयोजनका लागि ऋण समेत उठाउन बन्देज भएका छन् । जसका कारण बिटोरी जग्गावालहरु वर्षौंदेखी समस्यामा पर्दै आइरहेका छन् । जसको निराकरणमा नगरपालिका उदासिन बन्दै आएको छ ।

बि.स. १९९९ सालमै ६० विगहामा यो नगर बसाइएको हो भने ८ विगहामा कर्मचारीको नाममा प्लट जग्गा स्वर्ण टोल ( लंका टोल) मा बितरण गरिएको हो । त्यस्तै १० विगहामा तत्कालिन कचहरी लाइन (हाल अदालत रोड) मा सरकारी कार्यालयहरु स्थापना गरिएको हो । ७८ विगहामा फैलिएको यो सहरको बजार, बस पार्क, टेम्पु स्टेण्ड, माइक्रो स्टेण्ड, हाट बजार लगायत अहिले अव्यवस्थित हुदै जाँदा इतिहास बोकेको यस नगरपालिकाप्रति सम्बन्धीत निकायले कुनै चासो समेत देखाउन सकेको छैन । यो सहरको टाउन प्लानिङ तत्कालिन बडा हाकिम प्रकाश शम्शेरले गराएका थिए ।

नगर क्षेत्र भित्रको समस्या मध्ये छाडा पशु चौपायाको व्यवस्थापन पनि एक हो । अहिले पनि छाडा पशु चौपायाको व्यवस्थान हुन नसक्दा दिनँहु सडकमा दुर्घटना हुनुका साथै सहर कुरुप बन्दै गएको छ । सुरुवातमा नगरपालिका कार्यालयको हाताभित्रै काँजी हाउसको व्यवस्था केही दिनका लागि गरिएपनि विगत एक दशक भन्दा बढी समयदेखी काँजी हाउसको व्यवस्था गर्न सकिएको छैन् ।

जथाभावी पार्किङ नियन्त्रण गर्न समेत नगरपालिका चुकेको छ । नगरमा चोरीका घटनाहरु बढ्दै जाँदा त्यसलाई नियन्त्रणका प्रयासहरु समेत गरिएको देखिन्न् । नगर क्षेत्रमा सिसि टिभि जडान गरि चोरीका घटना तथा अन्य आपराधिक गतिविधीलाई नियन्त्रण गर्न नगरपालिका गम्भिर नदेखिएको स्थानीयहरुको गुनासो रहेको छ । नगरका भित्रका सडक तथा गल्लीहरुमा व्यवस्थित रुपमा सडक बत्तिको व्यवस्था नहुँदा चोरीको घटना बढ्दै गएका छन् ।

सडक छेउमा पेटीको ब्यवस्था भएपनि सो पेटी अतिक्रमणको चपेटामा परेको छ । पेटीलाई केही व्यापारीहरुले निजि प्रयोजनका लागि प्रयोग गरेकाले बटुवाहरु बीच सडकबाटै हिड्न बाध्य भएका छन् । जसका कारण दुर्घटना हुने गरेको पाइएको छ । यसैगरि घर निर्माणका सामाग्रिहरु पनि बिच बाटोमै राख्नाले यातायातमा कठिनाई हुने गरेको छ ।

राजविराज वडा नं. २ मा दुई दशकदेखी निर्माणाधीन अवस्थामा रहेको बस पार्क विभिन्न विवादका कारण हालसम्म पनि निर्माण हुन नसक्दा अव्यवस्थित पार्किङका कारण पनि सहरको सुन्दरतामा ग्रहण लागेको देखिन्छ ।

राजविराज ७ मा अवस्थित ऐतिहासिक हटिया बजारलाई भत्काएर अदुरदर्शि रुपमा सटरहरु निर्माण थालिएका कारण पनि नगरको सौन्दर्यता बिलिन भएको छ । यो हटिया बजार सम्भवत नेपालकै पहिलो प्लानिङ गरि निर्माण गरिएको थियो । चार वर्षदेखी सूचारु र बन्दै हुँदै गरेको सो निर्माण कार्य हालसम्म सम्पन्न हुन नसक्दा हटिया बजार अब्यवस्थित भएको छ ।

समस्यै समस्याबाट ग्रस्त राजविराज नगरपालिकाको अर्को मुख्य समस्या सार्वजनिक शौचालय नहुनु हो । योजना बिहीन तरिकाबाट उचित स्थानमा सार्वजनिक शैचालयको व्यवस्था नहुँदा बटुवाहरुलाई समस्या हुने

***बाँकी अन्तिम पृष्ठमा***

# वडा सदस्यहरुले विदाको दिन पनि दिए धर्नालाई निरन्तरता



**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

आन्दोलनरत राजविराज नगरपालिकाका वडा सदस्यहरुले दोश्रो दिन शुक्रवार पनि धर्ना कार्यलाई निरन्तरता दिएका छन् । जनहित एवं आफ्ना अधिकार सहितका विभिन्न ७ बुंदे माग राखी उनीहरु बिहीबारदेखी नगरपालिकामा धर्ना दिइरहेका छन् ।

बलिदानी दिवसको अवसर पारेर मधेश प्रदेश सरकारले सार्वजनिक विदा दिदा कार्यालयहरु बन्द रहँदा पनि आन्दोलनरत वडा सदस्यहरुले नगरपालिकाको कार्यालय प्रवेशद्वारमा वसी धर्ना कार्यक्रमलाई निरन्तरता दिएका हुन ।

कार्यालय विदा भएपनि पूर्व घोषित कार्यक्रम अनुसार धर्ना कार्यक्रमलाई निरन्तरता दिएको वडा सदस्य एवं संघर्ष समितिका संयोजक रामानन्द देवले बताए ।

बिटोरी समस्या अविलम्ब समाधान गर्नु पर्ने संघर्ष समितिको पहिलो माग छ । यस्तै नगरपालिकाबाट प्रदान गरिने सेवा चुस्त दुरुस्त बनाउनु पर्ने, नगरबाट पारित योजनाहरु अविलम्ब कार्यान्वयनमा ल्याउनु पर्ने, नगर क्षेत्रमा सिसी क्यामरा जडान गर्नु पर्ने, छाडा पशुचौपाया नियन्त्रण गर्नु पर्ने, सुरक्षा तथा नगरका अन्य समस्या व्यवस्थापनका लागी नगर प्रहरी भर्ना गर्नु पर्ने लगायतका ७ बुंदे माँग राखी चरणबद्ध आन्दोलन थालिएको संघर्ष समितिका संयोजक रामानन्द देवले बताए ।

दोश्रो दिनको कार्यक्रममा ऐक्यवद्धता जनाउँदै धर्नामा वसेका लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) नेपालका केन्द्रीय सदस्य दिपेन्द्र चौधरीले नगरको जल्दो बल्दो र यर्थात समस्या समाधानका लागी वडा सदस्यहरुले थालेको आन्दोलनमा आफूहरुको पूर्ण समर्थन रहेको बताए ।

## सम्पादकीय

# पदपूर्ती गर्नेतर्फ ध्यान पुगोस्

सप्तरीको विभिन्न शैक्षिक संस्था, सरकारी कार्यालय तथा जनतासँग सरोकार राख्ने विभिन्न निकायमा हालसम्म पनि पदपूर्ती हुन नसक्दा कामकाज प्रभावित हुन पुगेको छ। विद्यालयहरुमा अहिले पनि विभिन्न तहका शिक्षकहरुको अभाव कायमै रहेको छ। एउटै शिक्षकले विभिन्न कक्षामा अध्यापन गराइरहेका छन्। त्यस्तै सरकारी कार्यालयहरुमा त झनै कहालि लाग्दो अवस्था रहेको छ। त्यहा विभिन्न पदमा कर्मचारी अभाव रहेकै छ। जसकारण सेवाग्राहीले काम गराउन सास्ती व्यहोर्नु परिरहेको छ। सरकारी कार्यालयहरुको मुख्य कार्यालय भनिने जिल्ला प्रशासन कार्यालयमै कर्मचारीको अभाव रहेको छ। सेवाग्राहीहरुको बढी चाप हुने यस कार्यालयमा कर्मचारी अभाव हुँदा सेवा नै प्रभावित हुने गरेको छ। यस्तै यस बाहेक बढी सेवाग्राहीको चाप हुने घरेलु, मालपोत, अस्पताल लगायतका कार्यालयहरुमा कर्मचारी अभावकै कारण सेवा प्रवाहमा ढिलाई भइरहेको छ।

यस्तै जिल्लाका अधिकांश विद्यालयहरुमा शिक्षकको अभाव देखिएको छ। कक्षा १० सम्मको पढाई हुने माविमा निमावि शिक्षककै भरमा पठनपाठन भइरहेको छ। कतिपय विद्यालयहरुमा विद्यार्थी भन्दा बढी शिक्षक नै रहेका छन्। सरकारको शिक्षा नीतिमा सुधार ल्याउने प्रयास हुँदा पनि यस्ता समस्याले शिक्षा क्षेत्रमा निकै प्रभाव पारिरहेको छ। यस्तै स्थानिय तहमा त पद अनुसारको कर्मचारी पदपूर्ती हुन नसक्दा करारमा नियुक्त गरेर जसोतसो कामकाज भइरहेको छ। त्यसमा पनि राजनीतिक हस्तक्षेपका कारण ती करारका कर्मचारीहरुको नविकरण समेत हुन सकिरहेको छैन्। यस्तो अवस्थामा यसको प्रत्यक्ष मार जनतालाई परिरहेको छ। यसका लागि स्थानिय पालिका समेतले खासै ध्यान दिएको देखिदैन।

यस्ता विकृतीहरुलाई समाधान गर्नेतर्फ कसैको पहल देखिदैन्। तसर्थ कर्मचारी र शिक्षक अभावलाई हटाउन अनुगमन गरेर एउटा ठोस नीति बनाउनु आवश्यक छ। अनिमात्र कर्मचारी र शिक्षकको अभावलाई कम गर्न सकिन्छ। होइन भने सधैं यस्तै अभावले कार्यालय, स्थानीय तहको कामकाज र बालबालिकाको पढाई प्रभावित हुनै छ। यसप्रति तीनै तहको सरकार गम्भिर बन्नु अत्यन्त आवश्यक छ।

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका एक वर्ष

**नेत्र सुवेदी 'प्रयास'**
काठमाडौँ, ५ माघ (रासस)।

एक वर्षको अवधि केही साना कामका लागि पर्याप्त होला तर मध्यकालीन र दीर्घकालीन प्रकृतिका कामका लागि भने तयारीको समय मात्र हो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालय पनि अपवाद हुन सक्दैन। तथापि नेपाल सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिको जिम्मेवारी सम्हालेपछि मन्त्री रेखा शर्माले लिनुभएको अग्रसरता भने औसतभन्दा माथिको रहेको धेरैको ठम्याइ रहेको छ। एक वर्षमा मन्त्रालयकोतर्फबाट धेरै कार्य सम्पन्न भई नसके पनि केही नवीन कार्यप्रणाली तयार गर्ने र विधि निर्माण तथा सुधारका पक्षमा प्राथमिकता दिने इमान्दार प्रयत्न भने भएका छन्। कतिपय नतिजा प्राप्त पनि भएका छन्, कतिपय प्राप्त हुने क्रममा छन् र कतिपय सुधारका क्रियाकलाप प्रारम्भ मात्र भएका छन्।

यस अवधिमा राष्ट्रिय साइबर सुरक्षा नीति, २०८०, फ्रिक्वेन्सी नीति, २०८० जारी भएको, राष्ट्रिय विज्ञापन नीति, २०८० को मस्यौदा निर्णय प्रकृयामा रहेको तथा राष्ट्रिय चलचित्र नीति, २०७१ लाई प्रतिस्थापन गर्ने गरी नयाँ नीतिको मस्यौदा तयार गर्ने कार्य भैरहेको छ। ऐन निर्माणका क्रममा दुईवटा विधेयक संसदमा विचाराधीन रहेको, तीनवटा विधेयकको मस्यौदा तयार भई सुझाव संकलनका लागि वेबसाइटमार्फत सार्वजनिक गरिएको तथा अन्य तीनवटा विधेयकको मस्यौदा तयारीको चरणमा रहेका छन्। गत एक वर्षको अवधिमा दुई वटा नियमावलीको संशोधन मन्त्रिपरिषद्वाट स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ भने थप दुई नियमावली संशोधनका निर्णय प्रकृयामा रहेको छ। प्रत्येक नीति तथा विधेयकको मस्यौदा तयारीपछि सुझावका लागि सार्वजनिक गर्ने र प्राप्त सुझावलाई समेट्ने प्रणाली अवलम्बन गरिएको छ।

सरकारी तथा निजी सञ्चार माध्यमहरुको कामकारवाहीलाई मन्त्रालयको आमसञ्चार क्षेत्रसम्बन्धी नीति तथा कानुनले दिशानिर्देश गर्दछ। आमसञ्चार क्षेत्रको समग्र सुधारका लागि आवश्यक नीति, कानुन तथा नियमनका विषयमा सुझाव दिन पाँच सदस्यीय आम सञ्चार क्षेत्र सुधार समिति गठन भई समितिको प्रतिवेदन प्राप्त भएको छ। नेपाल सरकारका मन्त्रालयबाट हुने सूचना प्रवाहलाई व्यवस्थित गर्ने क्रममा २०८० जेठ, साउन र कात्तिकमा गरी तीन पटक प्रवक्ता सम्वाद श्रृङ्खला सञ्चालन गरिएको छ। सूचना अधिकारीहरुसँग अन्तरक्रिया कार्यक्रम वार्षिक कार्यक्रममै समावेश गरिएको छ।

यसैबीचमा सञ्चारमन्त्रीको उपस्थितिमा प्रदेश सरकारका सञ्चार हेर्ने मन्त्रीहरुसँग अन्तर्क्रियासमेत सम्पन्न भएको छ। २०८० जेठ १५ मा गणतन्त्र स्थापनाको १५ वर्ष नामक इन्फोग्राफिक्स पुस्तिका प्रकाशित गरी वितरण गरिएको छ भने सूचना तथा प्रसारण विभागबाट २०८० भाद्रमा नेपाल सुशासन विशेषाङ्क र असोजमा नेपाल संविधान दिवस विशेषाङ्क समेत प्रकाशित भएको छ। विभिन्न दिवस तथा राष्ट्रिय अवसरहरुमा के कसरी कार्यक्रम अगाडि बढाउने र प्रभावकारी सूचना सम्प्रेषणको रणनीति के कस्तो बनाउने भन्ने सम्बन्धमा सार्वजनिक सञ्चार माध्यमहरुसँग छलफलका आधारमा कार्ययोजना तयार गर्ने र सोको कार्यान्वयनको समीक्षा समेत हुने अभ्यासको सुरुआत भएको छ।

राष्ट्रिय समाचार समिति( रासस) ले मातृभाषामा समाचार सेवाको प्रारम्भ गर्दै नेपालगञ्ज उपमहानगरपालिकासँगको सहकार्यमा अवधि भाषामा समाचार सामग्री प्रकाशन गर्न प्रारम्भ गरेको छ। साथै, राससले श्रव्यदृश्य सेवालाई प्रभावकारी बनाउन फाइल ट्रान्सफर प्रटोकल (एफटिपी) प्रयोगमा ल्याइएको छ। रेडियो नेपालले थप दुई स्थानमा टावर समेत थप गरी रिले प्रसारण पहुँच विस्तार गरेको छ। विज्ञापन बोर्डबाट प्रदेश नमूना कानुनको मस्यौदा र अन्य कार्यविधिहरु तयार गरी सुझाव सङ्कलनको क्रममा रहेको छ। प्रेस काउन्सिल नेपालबाट ओटिटी प्रसारकको सूचीकरण प्रारम्भ हुनुको साथै पत्रकारिताका विविध विषयमा महिलाहरुलाई प्रविधिमा महिला प्रशिक्षण सञ्चालन गरिएको र अपाङ्गतामैत्री वेबसाइट निर्माण गरी प्रयोगमा ल्याइएको छ। नेपाल टेलिभिजन, रेडियो नेपाल र गोरखापत्रले मातृभाषामा समेत सामग्री प्रसारण र प्रकाशन गर्ने क्रममा भाषाहरु थप गर्दिै गएको छ। प्रेस मिटका क्रममा सांकेतिक भाषाको दोभाषे प्रयोग प्रारम्भ भएको छ।

सरकारी एकीकृत डाटा सेन्टरमा देखिएको समस्याको कारण तथा यस सम्बन्धमा भएका कमीकमजोरी तथा सम्भावित साइबर चुनौती सामनाका लागि अपनाउनुपर्ने रणनीतिका सम्बन्धमा विज्ञहरुको टोलीबाट अध्ययन गराई प्रतिवेदन प्राप्त भएको र सो प्रतिवेदनका कतिपय विषयहरु चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेत समेटिइएको छ। सामाजिक सञ्जालको व्यवस्थापन र नियमनका लागि निर्देशिका जारी भएको छ भने विधेयकको मस्यौदासमेत अन्तिम चरणमा पुगेको छ। गुनासो राख्ने र सुन्ने प्रक्रियालाई व्यवस्थित गर्नका लागि "मिट योर मिनिस्टर" नामक अन्तरकृयात्मक बटन मन्त्रालयको वेबसाइटमा समेटिएको छ। आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रारम्भिक अवधारणापत्र तयार भई विस्तृत र अन्तिम रुप दिनको लागि विज्ञ परामर्शको काम भइरहेको छ।

नेपाल दूरसञ्चार प्राधिकरण र इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोकबीच सूचना प्रविधि एक्सिलिन्स सेन्टर स्थापना गर्ने सहमति भई कार्य अगाडि वढेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले पूर्ण दूरसञ्चारयुक्त जिल्ला बनाउने कार्यक्रम रहेको र नेपाल टेलिकमले १९ जिल्लालाई नमूना जिल्ला बनाउने गरी काम भइरहको छ। डिजिटल साक्षरता र स्मार्ट स्कूल प्रोग्रामका विषयलाई नेपाल दूरसञ्चार प्राधिकरणको वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन तयारी अगाडि बढाइएको छ। आलाकार्टा प्रणाली लागू गर्ने निर्णय भई सोही अनुसार टेलिभिजन च्यानलहरुको वितरण तथा शुल्क निर्धारणको कार्य थालनी भएको छ।

क्षमता विकास तथा सुशासनका लागि पनि साना तर असरदार कामहरु भैरहेका छन्। व्यवस्थापकीय र वित्तीय विभिन्न पक्षमा सम्बन्धित विषयविज्ञको संलग्नता र मन्त्रालयको अगुवाईमा छानविन भई प्रतिवेदन प्राप्त भएको र यसले सुशासनको अनुभूति बढाउन सहयोगी भएको छ। हरेक महिना स्टाफ बैठकसँगै ज्ञान हस्तान्तरण सेसन सञ्चालन गर्न प्रारम्भ गरिएको छ। विज्ञहरुको विषयगत रोष्टर तयार गरी निरन्तर अद्यावधिक तथा नीति तथा कानुन तयारीका छलफलहरुमा विषय विज्ञहरुलाई समेत समावेश गर्ने गरिएको छ। गत आव र यस आवमा पनि शुन्य लागत तथा न्यून लागतका सुधारका क्रियाकलापहरु पहिचान गरी कार्यान्वयन प्रारम्भ भएका छन्। मन्त्रालयको आन्तरिक नियन्त्रक निर्देशिकालाई संशोधन गरी नैतिक निष्ठा विषय र अनुगमन तथा फ्लोअप बैठकको विषय थप हुने क्रममा रहेको छ।

हुलाक बचत बैंकको कारोबारलाई राष्ट्रिय वाणिज्य बैंकमा समायोजन गर्नुको साथै हुलाक सेवालाई सूचना प्रविधि तथा सङ्घीयता अनुकूल हुनेगरी पुनसंरचनाको कार्य अघि बढेको छ। त्यसैगरी मुद्रण विभागबाट हुँदै आएका कार्यहरुमा सुधार गर्ने र सुरक्षण मुद्रणतर्फको पूर्वाधार तथा उपकरण खरिद तथा जडान सम्पन्न गरी मुलुकभित्रै सुरक्षण मुद्रणका कामहरु हुने वातावरण तयारी भैरहेको छ।

चलचित्र विकास वोर्डको सक्रियतामा चलचित्र स्टोरी बैंक स्थापना र बालचलचित्र महोत्सव चलचित्र विकास बोर्डबाट सम्पन्न भएका छन्। केन्द्रीय चलचित्र जाँच समिति र सरोकारवालाबीचको अन्तरक्रिया आयोजना भई सुझाव सङ्कलन गर्नुको साथै केन्द्रीय चलचित्र जाँच समितिको विवरण समेटिएको सबडोमेन वेबसाइट सञ्चालनमा आएको छ। एक वर्षको समयावधिमा ६१ वटा वृत्तचित्र निर्माणका लागि विदेशी व्यक्तिलाई अनुमति दिइएको छ। सोही अवधिमा १०० भन्दा बढी चलचित्र निर्माणको अनुमति प्रदान भएको छ। त्यस्तै नेपाली ६९, हिन्दी ४१, अङ्ग्रेजी ३६, कोरियाली दुई, जापानी दुई, मातृभाषातर्फ नौ (तामाङ्ग एक, गुरुङ्ग तीन, नेपालभाषा एक, लिम्बु चार) को चलचित्र जाँचपास गरी प्रदर्शनका लागि प्रमाणपत्र प्रदान गरिएको छ। उल्लिखित कार्यहरु र यस्तै मन्त्रालय सम्बद्ध कार्यहरु बढी संख्यामा, नवीन कार्यशैलीका साथ र प्रभावकारी ढङ्गले सञ्चालन हुन सक्दा नै मन्त्रालयको कार्यसम्पादन राम्रो हुने हो। समूहमा रहेर काम गर्ने र परिणामबाट उत्प्रेरणा प्राप्त गरी पुन कार्यसम्पादनलाई प्रभावकारी बनाउनतर्फ लाग्ने शैली मन्त्रालय र मातहतका निकायहरुको संस्कृति हुनुपर्दछ। अन्य निकायसँग समन्वय गर्ने, प्रदेश र स्थानीय तहसँग कार्यात्मक साझेदारी गर्न अभिप्रेरित गर्नु र समावेशी कार्यशैलीलाई अनुशरण गर्नु मन्त्रालयको मूल्य मान्यता नै बनेको छ। आगामी दिनहरुमा पनि हाल प्रारम्भ गरिएका र समयक्रममा आइपर्ने चुनौती र जिम्मेवारीलाई इमान्दारीपूर्वक पूरा गर्ने प्रण भने मन्त्रालयको समग्र टीमले गर्नैपर्दछ। मन्त्रालय र मातहत निकायबाट आफ्ना कामहरुलाई मन्त्रालयको भिजनअनुरुप काम गर्नुपर्ने र मन्त्रालयले पनि सबै विषयगत मन्त्रालय र निकायको सहयोग लिएर आफ्नो उद्देश्य प्राप्तिमा अग्रसर हुनुपर्ने देखिन्छ। (लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुनुहुन्छ)

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेस आन्दोलन र सङ्घीयता

**डा विजयप्रसाद मिश्र**

काठमाडौँ, ५ माघ (रासस)।

मधेसमा मधेसीहरुका लागि मधेसी मूलका मानिसहरुले गरेको आन्दोलन मधेस आन्दोलन हो। अपवादका रुपमा केही पहाडी मूलका मानिसहरु पनि विभिन्न कारणले मधेस आन्दोलनको पक्षमा देखिएका थिए र छन्। तत्कालीन मधेसी जनअधिकार फोरम नेपालको आह्वानमा आम मधेसीहरुले २०६३ माघमा गरेको आन्दोलनलाई पहिलो मधेस आन्दोलन भनेर चिनिन्छ। २०६३ माघ २ गतेबाट औपचारिक रुपमा सुरु भएको मधेस आन्दोलनमा माघ ५ गते लहानमा चलेको गोली लागि स्कूले विद्यार्थी रमेश महतोको मृत्यु भएपछि आन्दोलन चर्किएको थियो।

रमेश महतोको हत्या हुँदा उनी वा उनको परिवार मधेस केन्द्रित दलमा आवद्ध थिएनन्। तर मधेसको हकहितको लागि भएको आन्दोलनमा विद्यालय नजिकै भएको बादविवाद हेर्न गएका महतोको गोली लागी घटनास्थलमै मृत्यु भएको थियो। महतोको मृत्युपछि आक्रोशित स्थानीयवासीले यातायातका साधनहरु, सरकारी कार्यालयहरु जलाउने काम गरेका थिए। तत्काल सुरक्षा निकायले आन्दोलनमा हस्तक्षेप नगरेको कारण अराजक स्थिति सिर्जना भएको थियो। उक्त आन्दोलनमा केही स्वार्थी तत्वहरु वा भारतबाट नेपाल आई बसेका नवनागरिकहरुले पहाडी मधेसीको नारा लगाएर सर्वसाधारण पहाडी समुदायप्रति लक्षित गरी हत्या, हिंसा, अपहरण, चन्दा असुलीजस्ता क्रियाकलापहरु समेत गरेका थिए।

मधेस आन्दोलनको सकारात्मक र नकारात्मक दुबै पाटो थियो। आन्दोलन नेताको हातमा थिएन। नेतृत्वविहीन आन्दोलन थियो। बरु आन्दोलनले नयाँ नयाँ नेताहरु बनाउने काम गरेको थियो। माघ ५ गतेदेखि साँच्चीकै मधेस आन्दोलनले एउटा रुप लिए पनि लामो समयसम्म आन्दोलन चल्यो। पहिलो मधेस आन्दोलन मधेसी जनअधिकार फोरम नेपालको नाममा सञ्चालित थियो तर यसमा मधेसका राप्रपा, सद्भावना पार्टी र अन्य राजनीतिक पार्टीका मधेसीमूलका नेताहरु पनि सहभागी भएका थिए। बौद्धिक समाज, नागरिक समाज, सङ्घसंस्था, कर्मचारी, शिक्षक प्राध्यापक, किसान, मजदूर, विद्यार्थी, महिला, बालबालिका, मधेसी दलित, जनजाति सबैको सहभागिता रहेको थियो।

मधेस आन्दोलनमा केही जिल्लाहरुमा पहाडी समुदायले पनि समर्थनमा जुलुश निकालेका थिए भने केही जिल्लामा पहाडी समुदायले मधेस आन्दोलनको प्रतिकार गरेका थिए। प्रतिकार भएका स्थानहरुमा दुबै पक्षमा झडप भई केही मानिसको मृत्यु भएको थियो। मधेस आन्दोलनले जातीय हिंसाको रुप पनि कुनैकुनै क्षेत्रमा लिएको थियो।

**मधेस आन्दोलनको ऐतिहासिक पक्ष**

यसअघि पनि मधेसमा मधेसीहरुको नाममा धेरैले आन्दोलन नगरेका होइनन्। संस्थागत रुपमा तराई कांग्रेसले २०१० सालबाट नै मधेसीको हक अधिकारको लागि आन्दोलनहरु गरेको थियो। तर तराईका नागरिकहरुले २०१५ सालको संसदीय निर्वाचनमा नराम्ररी हार्न बाध्य बनायो। तराई कांग्रेसको मियो नै पञ्चायतमा प्रवेश गरी मन्त्री भएपछि यसको सङ्गठन इतिहासमा मात्र कायम भयो। पछि परतन्त्र मधेसका लेखक रघुनाथ ठाकुरले प्राज्ञिक अनुसन्धान गरी मधेसीहरु माथि हुने विभेदको प्रचारप्रसार गरे। संगठन निर्माण गर्ने कोशिसहरु पनि गरेका थिए तर उनको सङ्गठन प्रभावकारी हुन सकेन।

पञ्चायतकालमा मधेसीहरुले पञ्चायतविरुद्धका आन्दोलनमा एतिहासिक भूमिका निर्वाह गरेका थिए। जनकपुरमा राजामाथि बम हान्ने प्रयास गर्नेदेखि धनुषाको जदुकाहामा २०४६ सालको आन्दोलनमा शहीद हुने मधेसी परिवार हुन् या सप्तरीका गजेन्द्रनारायण सिंहको नेतृत्वको मधेसीको हक हीतको लागि खोलिएको तराई परिषद नै किन नहोस, सबैले मधेसीको हक आवाजको लागि संस्थागत प्रयासहरु गरेका थिए। पञ्चायत अवधिभर सरकार मधेसीप्रति अनुदार रहेको थियो।

विसं २०४७ मा प्रजातन्त्र आएपछि नेपाल सद्भावना पार्टीको गठन सङ्घीयता र मधेस हकहितका कुराहरुलाई लिएर भएको थियो। यो पार्टीले आन्दोलनहरु गरिरहेको थियो। पार्टीमा नेतृत्वको टकरावले गर्दा फुट्ने र जुट्नेक्रम अहिले पनि जारी छ। यही सद्भावना पार्टी फुटेर राजेन्द्र महतो, सरिता गिरी, बद्रिनारायण मण्डल, विकास तिवारी, अनिल झालगायत धेरैले विभिन्न पार्टीको नाममा नेतृत्व गर्ने र अर्को पार्टीमा विलय हुने खेल खेल्न थाले कोही मन्त्री बन्नका लागि पार्टी फुटाउँथे भने कोही व्यक्तित्वको टकरावको कारणले। कसैले पनि जनहीतको लागि पार्टी फुटाएको बलियो आधार दिन सकेका छैनन्। मधेस आन्दोलनले नेपालमा सङ्घीयता ल्याउन खेलेको भूमिका महत्वपूर्ण छ। तर समयमै कानुनहरु नबन्दा सङ्घीयताको पूर्ण स्वाद चाख्ने अवसर मधेसले अझै पाएको छैन।

**मधेस आन्दोलनपछि पार्टी खुल्ने फुट्ने खेल**

माघ ५ गतेको आन्दोलनपछि चर्चामा आउनुभएका उपेन्द्र यादव वा उहाँले नेतृत्व गरेको मधेसी जनअधिकार फोरम पछि पार्टीको रुपमा परिणत भयो। मधेस आन्दोलन भएको १७ वर्ष पूरा भएको छ। यसबीच मधेसी जनअधिकार फोरम पटकपटक फुटेर अहिले जनता समाजवादी पार्टीको रुपमा स्थापित छ। यस पार्टीमा पहिलेको जस्तो पहाडी विरोधी सोच छैन। पहिचानवादी, खस ब्राम्हणहरु समेत यस पार्टीमा समावेश भएका छन्।

यसबीचमा मधेस केन्द्रित पार्टीहरु यति धेरै खुले कि उनीहरुको सैद्धान्तिक अडानमा खासै फरक नभए पनि आफ्नो पकडका लागि पार्टी खोलेको देखिन्छ। तर छुट्टै स्वाद लिएर डा. सीके राउतले खोलेको जनमत पार्टीको आधार मधेसलाई नै बनाइएको छ। रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीले तराईको थारु समुदायलाई केन्द्रविन्दुमा राखेर अन्य समुदायका मानिसहरुलाई पार्टीभित्र अवसर दिएको छ भने माओवादी हुँदै अहिले मधेसमा नयाँ पार्टी खोल्ने प्रभु साहले मधेसको नयाँ वर्गलाई आकर्षित गर्न खोजेको देखिन्छ।

पहिलो संविधानसभाअघि मधेसमा पहिलो र दोस्रो आन्दोलन भए। त्यसपछि धेरै पटक संविधानमा आफ्नो माग सम्बोधन गराउन आन्दोलनहरु गरे। दोस्रो संविधानसभाले संविधान बनाउने बेलामा झन् ठूलो आन्दोलन भयो। सीमाक्षेत्रमा बसेर नाकाबन्दी गर्ने, राजमार्गमा बन्द आह्वान गर्ने काम भयो। लगातार छ महिनाको आन्दोलनले पनि कुनै उपलब्धि भएन। प्रमुख राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी) मिलेर संविधान पारित गराउँदा मधेस केन्द्रित दलहरु संविधान निर्माण प्रक्रियाबाट बाहिरिएका थिए। मधेस केन्द्रित दलहरुले पटकपटक संविधानमा संशोधन गर्नुपर्ने भन्दै विभिन्न मोर्चा बनाएर वा एक्लाएक्लै आन्दोलनहरु गरेका थिए।

नेपाल जुन परिस्थितिबाट गुज्रिरहेको छ त्यसलाई विश्लेषण गर्ने हो भने समग्र नेपाललाई मधेस नभई हुँदैन। मधेसमा छिमेकी मुलुकका धेरै नागरिकको घुसपैठ भएर नागरिकता लिएर बसोबास गरिरहेका छन्। नागरिकता वितरण गर्दा गैरनागरिकलाई पनि नागरिकता दिने क्रमले गर्दा जो वास्तविक मधेसी मूलका नेपालीहरु हुन् उनीहरुमाथि अन्याय भएको छ। ती नयाँ नागरिकता लिने अनागरिकहरुलाई पनि एउटै तराजुमा तौलिएर हेर्ने परम्परागत सोचका कारण वास्तविक मधेसीहरुमाथि विभेद् भएको छ। यसले उनीहरुमा असन्तुष्टी बढ्नु स्वभाविक हो।

**निष्कर्ष**

त्यसैले मधेस आन्दोलन निरन्तर चलिरहन्छ। यसका स्वरुपहरु मात्र परिवर्तन भइरहन्छन्। मधेसमा पार्टी खुल्ने, टुटने र जुट्ने क्रम पनि द्रुत गतिमै चलिरहन्छ। मधेस नेपालको लागि एउटा समस्याको रुपमा रही रहन्छ। जबसम्म नेताहरुले मानवीय भावना, आत्मसम्मान, समावेशी, समानुपातिक, सहभागितामूलक सिद्धान्तलाई आत्मसाथ गर्दैनन् तबसम्म मधेस आन्दोलन चलिरहन्छ। मधेस आन्दोलन मात्र होइन, जातयि आन्दोलनहरु चलिरहन्छ। ती जातीय आन्दोलनहरुमा मधेस आन्दोलनको खेती अरुभन्दा बढी चर्चा परिचर्चामा रहने मात्र हो।

अझ जातीय आन्दोलनका साथसाथै नेपालमा धार्मिक आन्दोलनले पनि खतरा बढ्दैछ। धर्मका नाममा हुने आन्दोलनको उर्वर भूमि पनि मधेस नै हुन सक्दछ। मधेसको सिको गरेर पहिचानबादीहरु जुर्मुराइरहेका छन्। यसले नेपालमा २०७२ को संविधानले दिएको अधिकारको विकेन्द्रीकरण गर्न नचाहने शक्तिको विरुद्धमा एकपटक फेरि जातीय सङ्गठनहरु तातिन सक्छन्। धमिलो पानीमा माछा मार्न पल्किएका विदेशी शक्तिले बीचमा अर्को खेल खेलिदियो भने व्याजको लोभ गर्दागर्दै साउँसमेत उम्किन सक्ने देखिएको छ। त्यसैले मधेसले आन्दोलन गरेर ल्याएको सङ्घीयतालाई बचाउने कि आठ वर्षकै उमेरमा घाँटी निमोठेर मार्ने हो, त्यो अब सङ्घीय संसद र सङ्घीय सरकारको हातमा रहेको छ। यसतर्फ राजनेताहरुले समयमै ध्यान दिएर मधेशका जनताले भविष्यमा कुनै पनि आन्दोलन गर्नुपर्ने परिस्थिति आउन दिनु हुँदैन। *(लेखक त्रिवि इतिहास केन्द्रीय विभागका सहप्राध्यापक हुनुहुन्छ)*

# ६ लाख चालक अनुमतिपत्र नेपाल आइसक्यो : विभाग

काठमाडौँ, ५ माघ (रासस)।

यातायात व्यवस्था विभागले चालक अनुमतिपत्र (स्मार्ट लाइसेन्स) को लागि सम्झौता भएको १२ लाख कार्डमध्ये छ लाख नेपाल आइपुगेको जनाएको छ। विभागका अनुसार बाँकी छ लाख पनि सम्झौता भएअनुसार ४५ दिनभित्र नेपाल आइपुग्नेछ।

विभागका निर्देशक एवं प्रवक्ता ईश्वरीदत्त पनेरुले दिनुभएको जानकारीअनुसार गत आर्थिक वर्ष २०७९ मा जर्मनको मूलवर्ग कम्पनीसँग १२ लाख कार्ड छपाइका लागि सम्झौता गरिएको थियो। सम्झौताअनुरुप पहिलो चरणमा सन् २०२४ को जनवरी ६ मा छ लाख कार्ड त्रिभुवन विमानस्थल आइपुगेको उहाँले जानकारी दिनुभयो।

प्रवक्ता पनेरुका अनुसार ती कार्डलाई 'क्लियर' गर्न नेपाल राष्ट्र बैंकले 'डेलिभरी अर्डर' दिनुपर्ने हुन्छ। बैंकको सबै प्रक्रिया पुर्‍याएपछि आएको कार्डको ल्याब टेष्ट गराइन्छ। उहाँले भन्नुभयो, "हामीले सम्झौता गर्दा खोजेको गुणस्तर छ कि छैन भनेर जाँच्न नेपाल आइपुगेको कार्डको ल्याब टेष्ट गर्छौं र त्यसको रिपोर्ट आइसकेपछि मात्र वितरण प्रक्रिया सुरु गर्छौं।"

विभागले कार्ड पाउने वित्तिकै नियमित छपाइको सुरुआत हुने निर्देशक पनेरुले प्रतिबद्धता जनाउनुभयो। उहाँले बाँकी रहेको छ लाख कार्ड पनि ४५ दिनभित्रमा सम्झौता भएको कम्पनीबाट आइपुग्ने जानकारी दिनुभयो। "चालु आवमा कार्ड खरिद र मास प्रिन्टर खरिदका लागि बजेट छुटयाएका छौँ। सोअनुरुप हामीले अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गर्दा दुई कम्पनीले बोलपत्र हाल्नुभएको छ", पनेरुले भन्नुभयो, "त्यसको प्रविधिक मूल्याङ्कनको काम भइरहेको छ। त्यो सम्भव भयो भने १५ लाख ६० हजार कार्ड र एक मासप्रिन्टर तथा कार्ड छाप्दा प्रयोग हुने पर्सलाइजेसन सिस्टमको सफ्टवेयर बनाउने काम पनि हुन्छ। यी तीन कार्य लागि हामीले उक्त टेन्डर गरेका छौँ।"

**कार्डको अभावमा रोकिएको छ छपाइ**

निर्देशक पनेरुका अनुसार स्मार्ट कार्डको अभावमा नियमित प्रिन्ट यतिबेला रोकिएको छ। सन् २०२२ को जुलाईदेखि कार्ड वितरण गर्न नसकिएको उहाँले जानकारी दिनुभयो। उहाँले कार्डको अहस्भावमा करिब १४ लाख छापेर गरी वितरण गर्न बाँकी रहेको बताउँदै भन्नुभयो, "कार्ड नेपालमा नपाइने भएर यस्तो अवस्था आएको हो।"

निर्देशक पनेरुका अनुसार हाल विभागसँग मौजुदा प्रिन्टर एउटामात्रै रहेको छ। जसको कार्यक्षमता १६ घण्टासम्म निरन्तर चलाउँदा पनि दैनिक चारदेखि पाँच हजारभन्दा बढी प्रिन्ट गर्न सक्दैन। उहाँले पहिलेकै कार्ड छपाई थुप्रै बाँकी रहेको भन्दै प्रत्येक दिन पाँच हजारभन्दा बढी निवेदन आउँने गरेका बताउनुभयो। "एउटा प्रिन्टरले आएका निवेदनका

***बाँकी अन्तिम पृष्ठमा***

# विश्व समाचार

## बङ्गलादेशमा कोभिड-१९ को जेएन १ भेरियन्ट भेटिएको पुष्टि

ढाका, ५ माघ (रासस/सिन्ह्वा)।

बङ्गलादेश सरकारले बिहीबार कोरोनाभाइरसको नयाँ भेरियन्ट जेएन १ को पहिचान भएको पुष्टि गरेको छ।जेएन १ प्रजाती कोभिड-१९ का बिरामीहरूमा फेला परेको थियो। कोभिड-१९ को जेएन १ प्रजातीबारे बङ्गलादेमा हालसम्म कुनै रेकर्ड नभएको यहाँको महामारी विज्ञान, रोग नियन्त्रण र अनुसन्धान संस्थान (आईईडीसीआर) का निर्देशक तहमिना सिरिनले पत्रकारहरूलाई बताउनुभएको छ।

यस सन्दर्भमा स्वास्थ्य मन्त्रालय अन्तर्गत बङ्गलादेशको स्वास्थ्य सेवा महानिर्देशनालय (डिजिएचएस) ले बिहीबार सूचना जारी गरी अधिकारीहरूलाई पहिलो, दोस्रो र बूस्टर डोजका लागि कोभिड-१९ खोप कार्यक्रम पुनः सुरु गर्न निर्देशन दिएको छ।बङ्गलादेश सरकारले अर्को वर्षसम्ममा कोभिड-१९ खोपको २५ करोड डोज लगाउने योजना बनाएको एक वरिष्ठ अधिकारीले बताउनुभएको छ।

बङ्गलादेशको स्वास्थ्य सेवा विभागका सचिव जहाँगीर आलमले खोपहरूमध्ये आधा यस वर्ष चौथो डोजको रूपमा दिइने र बाँकी २०२५ मा दिइने सञ्चारकर्मीहरूलाई बताउनुभएको छ। अधिकारीका अनुसार नयाँ खोप अभियानले कोभिड-१९ को जेएन १ भेरियन्टको उदयको चिन्तालाई ध्यानमा राख्दै अग्रपङ्तीका कामदार र स्वास्थ्य कमजोरी भएका व्यक्तिहरूलाई प्राथमिकता दिनेछ। गत महिना, विश्व स्वास्थ्य सङ्गठनले जेएन १ प्रजातीलाई छुट्टै संस्करणको रूपमा वर्गीकृत गर्दै विश्वव्यापी रूपमा दूत गतिमा फैलिरहेको बताएको छ।

## उत्तर कोरियाद्वारा 'पानीमुनि हान्ने आणविक अस्त्र प्रणाली' परीक्षण

सियोल, ५ माघ (रासस/एएफपी)।

उत्तर कोरियाले वासिङ्टन, सियोल र टोकियोको संयुक्त नौसैनिक अभ्यासको प्रत्युत्तरमा 'पानीमुनि प्रहार गर्ने आणविक हतियार प्रणाली' परीक्षण गरेको शुक्रबार जनाएको छ।

संयुक्त अभ्यासले उत्तर कोरियाको सुरक्षामा गम्भीर खतरा उत्पन्न गरेको र त्यसको जवाफमा प्योङयाङले कोरियाको पूर्वी समुद्रमा निर्माणाधीन आफ्नो पानीमुनिको आणविक हतियार प्रणाली 'हेल-५-२३' को महत्वपूर्ण परीक्षण गरेको सरकारी समाचार संस्था केसीएनएले जनाएको छ।

गत वर्षको सुरुमा प्योङयाङले 'रेडियोधर्मी सुनामी' निम्त्याउन सक्ने दाबी गर्दै पानीमुनि आणविक हमला गर्ने कैयौं ड्रोनको परीक्षण गरेको बताएको थियो। विश्लेषकहरूले प्योङयाङसँग त्यस्तो हतियार छ कि छैन भनेर प्रश्न उठाएका छन् ।यसै साताको सुरुमा दक्षिण कोरिया, संयुक्त राज्य अमेरिका र जापानले दक्षिणी जेजु टापुको जलक्षेत्रमा संयुक्त नौसैनिक अभ्यास गरेका थिए।

उक्त अभ्यासमा विमानवाहक युद्धपोत 'युएसएस कार्ल भिन्सन'सहित तीन देशका नौ युद्धपोत सहभागी थिए। प्योङयाङको रक्षा मन्त्रालयका प्रवक्ताले शुक्रबार भन्नुभयो, "यो सैन्य अभ्यासले क्षेत्रीय स्थितिलाई थप अस्थिर बनाउने काम गरेको छ र यो उत्तर कोरियाको सुरक्षालाई गम्भीर खतरामा पार्ने कार्य हो।"

उत्तर कोरियाले गरेको परीक्षणले 'हाम्रो सेनाको पानीमुनि हान्नसक्ने आणविक हतियारमा आधारित प्रतिकारात्मक अवस्थालाई थप नजिक ल्याएको छ र यसले अमेरिका र उसका सहयोगीहरूको शत्रुतापूर्ण सैन्य युद्धाभ्यासलाई रोक्ने कायलाई जारी राख्नेछ," प्रवक्ताले भने।

हालैका महिनाहरूमा दुई कोरियाबीचको लामो समयदेखि तनावपूर्ण रहँदै आएको सम्बन्धमा तीव्र गिरावट आएको छ, दुवै पक्षले तनाव कम गर्ने प्रमुख सम्झौताहरू खारेज गरेका छन्, सीमा सुरक्षालाई बढावा दिएका छन् र सीमामा प्रत्यक्ष आक्रमणका अभ्यासहरू सञ्चालन गरेका छन्।

उत्तर कोरियाली नेता किम जोङ उनले गत साता दक्षिण कोरियालाई आफ्नो देशको 'प्रमुख शत्रु' घोषणा गर्नुभएको थियो भने पुनर्मिलन र पहुँचका लागि काम गर्ने निकायहरूलाई निष्क्रिय भएको घोषणा गर्नुभएको थियो।

## इरान-पाकिस्तान सैन्य आक्रमणप्रति संयुक्त राष्ट्रसङ्घद्वारा चिन्ता व्यक्त

संयुक्त राष्ट्रसङ्घ, ५ माघ (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले बिहीबार इरान र पाकिस्तानबीच भएका सैन्य आक्रमणको विषयमा गहिरो चिन्ता व्यक्त गर्नुभएको छ। महासचिव गुटेरेसले दुवै देशमा तनाव थप वृद्धि हुन नदिन अधिकतम संयमता अपनाउन आग्रह गर्नुभएको प्रवक्ता स्टेफन डुजारिकले उल्लेख गर्नुभएको छ।

महासचिव गुटेरेसले दुई देशबीचका सबै सुरक्षा चिन्ताहरूलाई सार्वभौमिकता, क्षेत्रीय अखण्डता र असल छिमेकी सम्बन्धका सिद्धान्त अनुसार शान्तिपूर्ण संवाद र सहयोगको माध्यमबाट सम्बोधन गर्नुपर्ने विषयमा जोड दिनुभएको छ।मङ्गलबार पाकिस्तानको बलुचिस्तान प्रान्तका 'आतङ्कवादी आधारहरू' मा इरानी आक्रमण भएपछि पाकिस्तानले बिहीबार बिहान आतङ्कवादी लुकेको इरान क्षेत्रमा आक्रमण गरेको बताएको थियो।

# चिसोबाट जोगिन वृद्धवृद्धालाई कम्बल सहयोग




**दैनिक समाचारदाता राजविराज, ५ माघ ।**

राजविराजस्थित आसिया पार्टी प्यालेस एण्ड लाँजले विपन्न समुदायका वृद्धवृद्धालाई चिसोबाट जोसगन न्यानो कम्बल तथा फलफुल सहयोग गरेको छ ।

शुक्रवार प्यालेस परिसरमा एक कार्यक्रमको आयोजना गरी ३६ जना अत्ति विपन्न परिवारका वृद्ध वृद्धालाई कम्बल तथा फलफुल सहयोग गरेको प्यालेसका संचालक अकबर हुसेनले बताए । ती सामाग्रिहरु उनले व्यक्तिगत सहयोगमा उपलब्ध गराएका हुन् ।

उनले व्यापार व्यवसायसँगै सामाजिक उत्तरदायित्व अन्तरगत उक्त सहयोग उपलब्ध गराएको बताए । चिसो मौसमका कारण न्यानो कपडाको अभावमा विपन्न समुदायका वृद्ध वृद्धाको जनजीवन कष्टकर भएको हूँदा सानो सहयोग गरिएको र यसले थोरै भएपनि उनीहरुलाई राहत पुग्ने विश्वास गरिएको उनले बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देवले आर्थिक अवस्था कमजोर भएका विपन्न परिवारलाई विपत्तका बेला सबैले सहयोग गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा प्यालेसका संचालक हुसेनका साथै उनकी छोरी आसिया, पत्रकार महासंघ सप्तरीका अध्यक्ष देव, प्रेस स्वतन्त्र सेनानी बैद्यनाथ झा लगायतले पनि वृद्ध वृद्धालाई कम्बल वितरण गरेका थिए । कार्यक्रममा आयोजकका तर्फबाट संचारकर्मीहरुलाई सम्मान समेत गरिएको छ ।

## ६ लाख चालक ...

आधारमा छपाइ गर्न अवस्था छैन । जसले गर्दा कार्ड छापेर गरी वितरण गर्न ढिलाइ भएको छ", उहाँले भन्नुभयो ।

पनेरुले सोही कारणले उक्त टेन्डर गरिएको भन्दै यो महत्वपूर्ण रहेको बताउनुभयो । "दुई वटा मेसिनबाट कार्ड छाप्न थालियो भने नियमित प्रिन्ट पनि हुन्छ र पुरानो बाँकी पनि क्रमशः घट्दै जान्छ । त्यसका लागि ४१ करोडको हाराहारीमा हमीले टेन्डर आह्वान गरेका छौँ", उहाँले भन्नुभयो, "अहिले काम भइरहेको छ टेन्डर मूल्याङ्कनको काम सकेपछि प्रस्ताव खोल्छौँ । सार्वजनिक खरिद ऐन नियमअनुसार यस कार्यमा सामान्यतया पाँच महिना जति लाग्छ । त्यसपछिमात्रै नयाँ कार्ड र मास प्रिन्टर आइपुग्छ ।"

**छपाइ तथा वितरणको जिम्मा प्रदेशले लिनुपर्ने**

यातायात व्यवस्था विभागका निर्देशक एवं प्रवक्ता पनेरुले मुलुक सङ्घीयतामा गइसकेको अवस्थामा कार्ड छपाइ प्रदेशस्तरबाट हुनुपर्नेमा जोड दिनुभयो । "यातायात व्यवस्थापनअन्तर्गत सवारी चालक अनुमतिपत्रको सबै अधिकार प्रदेशमा गइसकेको छ", उहाँले भन्नुभयो, "अहिले प्रदेशमा नयाँ फार्म लिने, नवीकरण गर्ने, राजस्व सङ्कलनलगायत काम भइरहेको छ । सबै काम प्रदेशमा हुन थालेकाले चालक अनुमतिपत्र छपाइ तथा वितरणमा पनि अब प्रदेश सक्षम हुनुपर्छ ।" उहाँले विभागको कार्य कार्ड छाप्ने वा वितरण गर्ने नभएर नीति निर्माण गर्ने हो भन्दै प्रदेश मातहतका कार्यालय यस कार्यमा सक्षम हुनुपर्ने उहाँको भनाइ थियो ।

**चार प्रदेशले बजेट छुटचाएको छ**

आव २०७९/८० मा विभागले सबै प्रदेशका मन्त्रीहरुसँग छलफल गरेको थियो । छलफलका क्रममा सबै प्रदेशले कार्ड र मेसिन खरिदका लागि बजेट विनियोजन गर्ने बताएका थिए । सोही क्रममा कोशी, मधेस, बागमती र कर्णली प्रदेशले बजेट छुटचाएका निर्देशक पनेरुले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म कुनै पनि प्रदेशले सूचना भने आह्वाहन गरेका छैनन् ।

निर्देशक पनेरुका अनुसार मधेस र बागमती प्रदेशले यस कार्यका लागि बढी चासो देखाएका छन् । मधेस प्रदेशले चालु आवमा स्मार्ट कार्डको छपाइ तथा वितरण गर्ने प्रतिबद्धता जनाएको उहाँले बताउनुभयो ।

**वैदेशिक रोजगारमा जानेलाई तीन दिनभित्र लाइसेन्स**

निर्देशक पनेरुले सेवाग्राहीले वर्षौंसम्म कार्डका लागि कुर्नुपर्ने समस्या रहेको स्वीकार गर्नुभयो । "यो विशेष प्रकृतिको कार्ड हुने भएकाले यसको खरिद प्रक्रिया अलिकति लामो हुन्छ । जसले गर्दा सेवाग्राहीलाई समयमा कार्ड वितरण गर्न सकिएको छैर्डस्न", उहाँले भन्नुभयो, "वैदेशिक रोजगारमा जानेलाई मर्का नपरोस् भनेर फास्ट प्रिन्टिङको व्यवस्था गरेका छौं ।" विभागले जारी गरेको इमेलमा जानकारी आएपछि वैदेशिक रोजगारमा जानेलाई तीन दिनभित्रमा लाइसेन्स वितरण गरिरहेको उहाँले जानकारी दिनुभयो ।

निर्देशक पनेरुले भन्नुभयो, "सबै प्रदेशले आफ्नो जिम्मा लिने हो भने कार्ड वितरणको समस्या सामाधान हुँदै जान्छ । प्रदेशको समस्या भनेको दक्ष जनशक्तिको अभाव, स्वीकृत दरबन्दी प्राप्त गर्न नसक्नु, खरिद प्रक्रियालगायत छन् । विभागले यी समस्या समाधानका लागि सक्दो सहयोग र सहजीकरण गर्नेछ ।"

हाल सबभन्दा बढी करिब ६० प्रतिशत माग बागमती र त्यसपछि क्रमशः मधेस र गण्डकी रहेको छ ।

## नेपालकै पहिलो ...

गरेको छ । विद्यालयको झ्याल थुनेर राजविराज ७ मा नगरपालिकाको गेट अगाडी नै बनाइएको सार्वजनिक शौचालय बन्द गर्न नगरपालिका बाध्य भएको छ । जसकारण बटुवाहरु खुल्ला स्थानमै शौच गर्न बाध्य भएका छन् ।

पूर्व मेयर गोबिन्द सिंह भन्छन् "आफ्ना पालामा नगर विकासका निम्ति सडकहरु फराकिलो गर्ने कामको थालनी गर्दा त्यस बखत निकै आलोचना खेप्नु परेको थियो, सडकलाई अतिक्रमण गरि निजि स्वार्थका लागि स्थानीय व्यक्तिहरुले प्रयोग गरेकाले साँगुरो हुँदै गएको छ ।"

नगरपालिकाका पूर्व मेयर जगरनाथ दास भन्छन् "राजविराज नगरपालिका आजभन्दा २५ वर्ष अगाडी जस्तो थियो, अहिले पनि जस्ताको त्यस्तौ रहेको छ, आफू मेयर हुँदा सम्पन्न गरेको काम ब्यवस्थित हुनु पर्नेमा अहिले कतिपय भौतिक संरचनाहरु झन अव्यस्थित भई जिर्ण भइसकेको छ" ।

बि.स. १९९० मा कोशीको बाढीले हनुमाननगरमा वडा हाकिमको कार्यालय र अन्य कार्यालयहरुलाई बगाउँदा बि.स. १९९९ मा विकल्पको रुपमा राजविराज बजारको स्थापना भएको हो । बि.स. २०१५ सालको प्रजातन्त्रिक आम निर्वाचन पश्चात् २०१६ सालमा पहिलो पटक राजविराज बजारको नाम परिवर्तन गरि राजविराज नगरपालिका राखियो । यस नगरपालिकको पहिलो चेयर म्यान यमुनानन्द मिश्र थिए ।

बि.स. २०१५ सालमा राजविराज ४ स्थित पूर्वमेयर गोबिन्द सिंहको घरदेखी बैष्णवकाली मन्दिरसम्मको जग्गा बैलगाडा स्टेण्ड (कार्ट स्टेण्ड) को रुपमा प्रयोग भइरहदा सरकारी उदासिनताका कारण निजि स्वार्थका लागि घरहरु निर्माण गरिएको वरिष्ठ पत्रकार अनिल कुमार अनल बताउछन् । उनी भन्छन्, "करिब ८ बिगहा क्षेत्रफल रहेको उक्त जग्गालाई प्रयोग गरेर त्यहा बस स्टेण्ड निर्माण भएको भए सहरको सौन्दर्यता अझ बढ्ने थियो ।"

# जनता मावि बेल्ही चपेनाको व्यवस्थापन समिति निर्वाचन सम्पन्न



**दैनिक समाचारदाता राजविराज, ५ माघ ।**

सप्तरीको राजगढ गाउँपालिका ४ स्थित श्री जनता माध्यमिक विद्यालय बेल्ही चपेनाको विद्यालय व्यवस्थापन समितिको निर्वाचन शुक्रबार सम्पन्न भएको छ ।

सम्पन्न निर्वाचनमा अभिनन्दन मण्डल, जगदीश सुतिहार, बुचनीकुमारी सदा र उर्मिला कुमार मोची निर्वाचित भएका छन् ।

विद्यालय व्यवस्थापन छनौट सहयोग समितिका सदस्य सचिव रबिन्द्र कुमार साहले निर्वाचनको शुक्रबारै सम्पन्न मतगणनाको परिणाम अनुसार ती चारै जना निर्वाचित भएको जनाएका छन् ।

# राष्ट्रियसभा निर्वाचनका लागि मतदान केन्द्रमा पुग्यो मतपत्र

काठमाडौँ, ५ माघ (रासस) ।

निर्वाचन आयोगले यही माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि स्वीकृत डिजाइन तथा मापदण्डबमोजिमका सबै मतपत्र छपाइ गरी सातै प्रदेशका सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा ढुवानी गरेको छ ।

सो निर्वाचनका लागि ३८ प्रकारका कूल छ हजार नौ सय १० मतपत्र छपाइ गरी पठाइएको हो । राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रदेशसभाका सदस्य र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा मतदान हुने कानुनी व्यवस्था छ ।

यसअनुसार प्रदेशसभाका सदस्यका लागि सेतो रङको कागजमा हरियो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्र र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि सेतो रङको कागजमा रातो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्र छपाइ भएका छन् ।

आयोगका सहायक प्रवक्ता श्रीधर पन्थीका अनुसार प्रदेशगतरुपमा रहेका निर्वाचक मण्डलका सदस्यको सङ्ख्या तथा निर्वाचन हुने पद सङ्ख्यालाई आधार मानी आयोगले तोकेको सङ्ख्यागत मापदण्डका आधारमा कोशी प्रदेशमा निर्वाचन हुने दुई पदका लागि चार प्रकारका नौ सय २० मतपत्र, मधेश प्रदेशमा निर्वाचन हुने दुई पदका लागि चार प्रकारका नौ सय ४० मतपत्र, बागमती प्रदेशमा निर्वाचन हुने चार पदका लागि आठ प्रकारका एक हजार सात सय ६० मतपत्र र गण्डकी प्रदेशमा निर्वाचन हुने तीन पदका लागि छ प्रकारका नौ सय मतपत्र रहेका छन् ।

त्यसैगरी लुम्बिनी प्रदेशमा निर्वाचन हुने दुई पदका लागि चार प्रकारका सात सय ४० मतपत्र, कर्णाली प्रदेशमा निर्वाचन हुने तीन पदका लागि छ प्रकारका सात सय ५० मतपत्र र सुदूरपश्चिम प्रदेशमा निर्वाचन हुने तीन पदका लागि छ प्रकारका नौ सय मतपत्र रहेका छन् ।

क्यान्सर रोग लाग्नबाट बच्ने उपाय

- मदिरा, धुम्रपान तथा सुर्तिजन्य वस्तु सेवन नगरौं,
- खानपानमा ध्यान पुऱ्याऔं,
- पर्याप्त व्यायाम गर्ने गरौं,
- सक्रिय जीवनशैली अपनाऔं,
- बोसोयुक्त मासु नखाऔं,
- तारेको, झानेको, पोलेको खाना नखाऔं,
- गालेका तथा पुराना अचार कम खाऔं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सरसफाईमा विशेष ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np